"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :-२०८२/०८३ जोगबुडा, डडेल्धुरा
चलानी नम्बर :- सुदूरपश्चिम प्रदेश, नेपाल

मिति: २०८२।०९।२९

अमानतमा नदीजन्य पदार्थ ( ढुङ्गा, गिट्टी, वालुवा ) को उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्वन्धी सूचना ।

प्रकाशित मितिः- २०८२।०९।२९

आन्तरिक आय संकलनका लागि तपसिलका घाटहरुबाट नदीजन्य पदार्थको प्रथम पटक मिति २०८२।०८।१९ र दोस्रो पटक मिति २०८२।०९।०९ मा गरी २ पटक सम्म ठेक्का आह्वान गर्दा नदीजन्य पदार्थको ( ढुङ्गा, गिट्टी, वालुवा ) को उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी ठेक्का बन्दोवस्त हुन नसकेकोले सुदुरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यबिधि, २०७५ को दफा ८ को उपदफा ७ बमोजिम परशुराम नगरपालिका नगर कार्यपालिकाको मिति २०८२।०९।२५ गतेको निर्णयानुसार नदीजन्य पदार्थ ( ढुङ्गा, गिट्टी, वालुवा ) को उत्खनन, बिक्रि तथा व्यवस्थापन कार्य अमानतबाट गर्ने निर्णय भएकोले मिति <u>२०८२।०९।२९</u> <u>देखि २०८३ जेठ मसान्त सम्म प्रत्येक दिन बिहान ६ बजे देखि बेलुका ६ बजे सम्म</u> तपसिलका शर्तहरुको अधिनमा रही नदीजन्य पदार्थ ( ढुङ्गा, गिट्टी, वालुवा ) को उत्खनन, बिक्रि तथा व्यवस्थापन अमानत बाट हुने ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>शर्तहरु</u>

१. उत्खनन् हुने क्षेत्र – परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, वहादुरे नाका (करावण्ड देखी महाकाली नदी छेउ सम्म ). परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, रंगुन नाका ( करावण्ड देखी परशुराम न.पा सिमाना गेट सम्म ) , परशुराम नगरपालिका भएर बग्ने पन्तुरा खोला, परशुराम नगरपालिका भएर बग्ने सादनी खोला, परशुराम नगरपालिका भएर बग्ने महाकालि नदी (कलपटा घाट देखी तल ), परशुराम नगरपालिका भएर बग्ने शिर्ष खोला, परशुराम नगरपालिका भएर बग्ने कलेना खोला, परशुराम नगरपालिका भएर बग्ने लटेरोडा खोला,

२. घाट खुल्ने समयः बिहान ६ बजे देखि बेलुका ६ बजे सम्म

३. राजश्व वुझाउने समयः बिहान ६ बजे देखि बेलुका ६ बजे सम्म (सम्बन्धित घाटबाटै र कर्मचारी नभएका घाटको हकमा सम्बन्धित वडा कार्यालय बाट कार्यालय समय भित्र )

४. प्राकृतिक स्रोत सङ्कलन तथा बिक्रि शुल्कः सुदुरपश्चिम प्रदेश सरकारको आर्थिक ऐन २०८२ को दफा ८(१) अनुसुची ६(क) बमोजिम हुनेछ ।

५. राजश्व वुझाउने स्थानः १० ट्रली ट्याक्टर/टिप्पर सम्मको हकमा सम्वन्धित घाटबाटै र कर्मचारी नभएका घाटहरुको हकमा सम्बन्धित वडा कार्यालय बाट, ११ वा ११ ट्रली भन्दा बढी ट्याक्टर/ टिप्पर एकैपटक लिने वा एकैपटक ठुलो परिमाणमा नदीजन्य पदार्थ ( ढुङ्गा, गिट्टी, वालुवा ) लिने निर्माण उ.स,

टोल विकास संस्था तथा ठेक्काको हकमा प्राविधिक कर्मचारीको स्थलगत नापजाँच/नापी किताबका आधारमा सम्बन्धित वडा कार्यालयबाट वा नगरपालिकाको कार्यालय बाट ।

**राजश्वको विवरण**

| क्र.सं. | विवरण | प्रति ट्रिप घनमिटर | रोयल्टी रकम रु ( मू.अ.कर सहित ) | कैफियत |
|---|---|---|---|---|
| १ | प्रति ट्याक्टर सिंगल ट्रिप | ३ | ७२० | |
| २ | प्रति ट्याक्टर (डबल ट्रिप डाला लगाएको) | ४ | ९६० | |
| ३ | प्रति टिप्पर १० चक्के | १२ | २८८० | |
| ४ | प्रति टिप्पर ६ चक्के | ७ | १६८० | |

२०८१।०३।२६

कृष्णानन्द जोशी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"
परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/०८३
चलानी नम्बर :- ६२०

मिति: २०८२/०९/२९

**विषय - अमानतमा नदीजन्य पदार्थ ( ढुङ्गा, गिट्टी, वालुवा ) को बिक्रि शुल्क संकलन सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै
परशुराम नगरपालिका जोगबुडा, डडेल्धुरा ।

उपरोक्त विषय सम्बन्धमा विषय सम्बम्धमा परशुराम नगरपालिका नगर कार्यपालिकाको मिति २०८२।०९।२५ गते बसेको बैठकको निर्णयानुसार नदिजन्य पदार्थको बिक्रि शुल्क संकलनको लागि ठेक्का लगाउन सकिने नदी/खोलाहरुको विद्युतिय खरिद प्रणाली मार्फत प्रथम पटक मिति २०८२।०८।१९ र दोश्रो पटक मिति २०८२।०९।०९ गरी दुई पटक सूचना प्रकाशन गरी बोलपत्र आह्वान गरिएकोमा कुनै पनि नदी/खोलामा बोलपत्र पेश नभएकोले सुदुरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७५ को दफा ८ को उपदफा ७ बमोजिम संकलन, घाटगद्दी र बिक्रिको कार्य अमानतबाट गराउने र सुदुरपश्चिम प्रदेश सरकारको आर्थिक ऐन २०८२ को दफा ८(१) अनुसुची ६ बमोजिम २०८३ जेठ मसान्त सम्म रोयल्टी र भ्याट एकमुष्ट संकलन गरी सम्बन्धित खातामा समयमै दाखिला गर्ने निर्णय गरिएको र परशुराम नगरपालिका बाट उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने निर्माण योजनाको हकमा नापी किताबमा लागेको परिमाणको हिसावले रोयल्टी हिंसाब गरी रकम दाखिला गर्न लगाउने र ठेक्का तथा अन्य कार्यालय तथा निकाय बाट कार्यान्वयन हुने योजनाको हकमा नापी किताबमा लागेको परिमाण अनुसार रोयल्टी रकम हिसाब गरि दाखिला गर्न लगाउने निर्णय भएको हुदाँ सोही अनुसार गर्न गराउन हुन जानकारी गरिन्छ । साथै कार्यपालिकाको निर्णयको छायाकपी यसै पत्र साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ ।

२०८२।०९।२९

कृष्णानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

१. श्री भौतिक पुर्वाधार शाखा परशुराम नगरपालिका - उपभोक्ता समिति/ठेक्का मार्फत कार्यान्वयन हुने योजनाको रोयल्टी नियमानुसार दाखिला भएको नदेखिएमा नापी किताबमा लागेको परिमाणको हिसाबले रोयल्टी हिसाव गरि रकम दाखिला गर्न लगाउन हुन ।
२. श्री आर्थिक प्रशासन शाखा परशुराम नगरपालिका - नियमानुसार रोयल्टी दाखिला भएको नदेखिएमा दाखिला गर्न लगाउन हुन ।
३. श्री नगर प्रहरी परशुराम नगरपालिका – नियमानुसार गर्न गराउन हुन ।
४. श्री ईलाका प्रहरी कार्यालय जोगबुडा – जानकारीका लागि ।



CamScanner

आज दिनाङ्क २०८२/०९/२५ गतेका दिन यस परशुराम नगरपालिका नगर कार्यपालिकाको ८० औं वैठक नगर प्रमुख श्री भरत वडायर जोशी ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा वसि देहायको निर्णय गरियो।

तपशिल:

नगर प्रमुख श्री भरत वडायर जोशी

नगर.उपप्रमुख श्री विमला कुमारी बोहरा

१ नं वडा अध्यक्ष श्री लाल वहादुर धामी

२ नं वडा अध्यक्ष श्री रमेश वहादुर बोहरा

३ नं वडा अध्यक्ष श्री नरेस वहादुर खवास

४ नं वडा अध्यक्ष श्री विश्राम सिंह बोहरा

५ नं वडा अध्यक्ष श्री दिल वहादुर शाही

६ नं वडा अध्यक्ष श्री खगेन्द्र वहादुर सिंह

७ नं वडा अध्यक्ष श्री कर्ण वहादुर धामी

८ नं वडा अध्यक्ष श्री दिनेस प्रसाद जोशी

९ नं वडा अध्यक्ष श्री देव वहादुर बोहरा

१० नं वडा अध्यक्ष श्री राजकुमार भाट

११ नं वडा अध्यक्ष श्री प्रकाश ऐर

१२ नं वडा अध्यक्ष श्री महाविर कामी

नगरकार्यपालिका सदस्य श्री दुरा कुमारी खाती

नगरकार्यपालिका सदस्य श्री विमला खाती

नगरकार्यपालिका सदस्य श्री लिलावती कुमारी बोहरा

नगरकार्यपालिका सदस्य श्री हेमन्ती दमाई

नगरकार्यपालिका सदस्य श्री जय वहादुर ओखेडा

नगरकार्यपालिका सदस्य श्री शिविराम कामी

नगरकार्यपालिका सदस्य श्री कुमारी मिना जोरा भण्डारी

प्रमुख प्रशासकीय अधिकृत श्री कृष्णानन्द जोशी

निर्णय नं.१० नदिजन्य पदार्थ बिक्रीशुल्क संकलन सम्बन्धमा।

यस परशुराम नगरपालिका नगरकार्यपालिका बैठकको मिति २०८२।०८।०८ गतेको निर्णयानुसार नदीजन्य पदार्थको बिक्रि शुल्क संकलनको लागि ठेक्का लगाउन सकिने तपशिल बमोजिमका नदी/खोलाहरुको लागि विद्युतीय खरिद प्रणाली मार्फत प्रथम पटक मिति २०८२/०८/१९ र दोश्रो पटक मिति २०८२/०९/०९ गरी दुई पटक सूचना प्रकाशन गरि बोलपत्र आह्वान गरिएकोमा कुनै पनि नदी / खोलामा बोलपत्र पेश नभएकाले सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७५ को दफा ८ को उपदफा ७ बमोजिम संकलन, घाटगद्दी र बिक्रिको कार्य अमानतबाट गराउने र सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक ऐन २०८२ को दफा ८ (१) अनुसूची ६ बमोजिम २०८३ जेठ मसान्त सम्म रोयल्टी र भ्याट एकमुष्ट संकलन गरी सम्बन्धित खातामा समयमै दाखिला गर्ने निर्णय गरीयो । साथै परशुराम नगरपालिकाबाट उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने निर्माण योजनाको हकमा लागत अनुमानमा रोयल्टिको रकम राखिएको छ भने नापि किताबमा लागेको परिमाणको हिसावले रोयल्टि हिसाव गरि रकम दाखिला गर्न लगाउने र ठेक्का तथा अन्य कार्यालय तथा निकायबाट कार्यान्वयन हुने योजनाको हकमा नापि किताबमा लागेको परिमाणअनुसार रोयल्टि रकम हिसाव गरि दाखिला गर्न लगाउने निर्णय गरियो ।

तपशिल:

| बोलपत्र नं. | नदीखोलाहरुको विवरण |
|---|---|
| IR/PM/०१/२०८२/८३ | परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, रंगुन नाका (करावण्ड देखी परशुराम न. पा. सिमाना गेट सम्म) |
| IR/PM/०२/२०८२/८३ | परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, रंगुन नाका (करावण्ड देखी परशुराम न. पा. सिमाना गेट सम्म) |
| IR/PM/०३/२०८२/८३ | परशुराम नगरपालिका भएर बग्ने पन्तुरा खोला |
| IR/PM/०४/२०८२/८३ | परशुराम नगरपालिका भएर बग्ने सादनी खोला |
| IR/PM/०५/२०८२/८३ | परशुराम नगरपालिका भएर बग्ने महाकाली नदि (कलपटा घाटदेखि तल) |
| IR/PM/०६/२०८२/८३ | परशुराम नगरपालिका भएर बग्ने शीर्ष खोला |
| IR/PM/०७/२०८२/८३ | परशुराम नगरपालिका भएर बग्ने कलेना |
| IR/PM/०८/२०८२/८३ | परशुराम नगरपालिका भएर बग्ने लटेरोडा खोला |